# पाठ्यक्रम विकास केन्द्र
## विशिष्टीकरण तालिका, २०८३

**कक्षा : १०**
**विषय : अर्थशास्त्र**
**विषय कोड : १०४**

| विषयक्षेत्र | विषयवस्तु | कार्य घण्टा | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्च दक्षता | | | जम्मा अङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अ. छोटो | छोटो | लामो | अ. छोटो | छोटो | लामो | अ. छोटो | छोटो | लामो | अ. छोटो | छोटो | लामो | | |
| १. अर्थशास्त्रको आधारभूत अवधारणा र साधनको बाँडफाँट | १.१.अर्थव्यवस्थाको परिचय र विशेषता<br>१.२ दुर्लभता, छनोट, अवसर लागत र साधनको बाँडफाँटको अवधारणा<br>१.३ समष्टिगत आर्थिक चर | १२ | २ | | | १ | १ | | १ | | | | | | ९ | |
| २. व्यष्टि अर्थशास्त्र | २.१ आय र आय वक्ररेखाहरू<br>२.२ लागत र लागत वक्ररेखाहरू<br>२.३ बजार संरचना र उत्पादनको मूल्य निर्धारण<br>२.४ साधनको मूल्य निर्धारण सिद्धान्त | ३० | १ | | | | १ | | | १ | | | १ | १ | २४ | |
| ३. समष्टि अर्थशास्त्र | ३.१ सरकारी वित्त<br>३.२ अन्तर्राष्ट्रिय व्यापार | १२ | | | १ | | | | १ | | | | | | ९ | |
| ४. विकास अर्थशास्त्र | ४.१ आर्थिक विकासका सिद्धान्तहरू<br>४.२ समाजवादउन्मुख अर्थव्यवस्थाका आधारहरू | ८ | | | | १ | १ | | | | | | | | ६ | |
| ५.नेपालको अर्थतन्त्र | ५.१ कृषि<br>५.२ उद्योग<br>५.३ पर्यटन उद्योग<br>५.४ वैदेशिक रोजगारी | १५ | १ | | | १ | १ | | | १ | | | | | १२ | |

पाठ्यक्रम विकास केन्द्र

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अर्थशास्त्रमा परिमाणात्मक पद्धति | प्रस्तुतीकरण<br>६.२ केन्द्रीय प्रवृत्तिका मापहरू | | | | | | | | | | | | | | | |
| **जम्मा** | | **९६** | **५** | | **१** | **४** | **४** | | **२** | **३** | | | **१** | **२** | **७५** | |

**द्रष्टव्य** :

(क) अति छोटो उत्तर आउने प्रश्नहरू १ अङ्कका हुने छन् र यस्ता प्रश्न ११ ओटा हुने छन् ।

(ख) छोटो उत्तर आउने प्रश्नहरू ५ अङ्कका हुने छन् र यस्ता प्रश्न ८ ओटा हुने छन् साथै एकाइ १ बाट बोध तहको, एकाइ ४ बाट बोध तहको र एकाइ ५ बाट प्रयोग तहको प्रश्नमा थप एक एकओटा सोही तहकै वैकल्पिक प्रश्नहरू सोधिने छ ।

(ग) लामो उत्तर आउने प्रश्नहरू ८ अङ्कका हुने छन् र यस्ता प्रश्न ३ ओटा रहने छन् साथै एकाइ ६ बाट उच्च दक्षता तहको प्रश्नमा थप एउटा सोही तहकै वैकल्पिक प्रश्न सोधिने छ ।

(घ) सकेसम्म हरेक एकाइबाट धेरै विषयवस्तुहरू समेट्ने गरी प्रश्नपत्र निर्माण गर्नुपर्ने छ ।

(ङ) ज्ञान तहमा पूर्णाङ्कको २० प्रतिशतमा नबढ्ने गरी, उच्च दक्षता तहमा २० प्रतिशतमा नघट्ने गरी र अन्य तहमा आवश्यकताअनुसार प्रश्न रहने छन् ।

(च) सबै तहमा विषयको प्रकृति र आवश्यकताअनुसार अति छोटा, छोटा र लामा प्रश्न रहने छन् । सबै तहमा सबै खालका प्रश्न रहनुपर्ने अनिवार्यता हुँदैन । उच्च दक्षताअन्तर्गत विश्लेषण, मूल्याङ्कन र सिर्जनात्मक तहका प्रश्न रहने छन् ।

| **प्रश्नका तह र प्रकारअनुसार प्रश्न सङ्ख्या र अङ्क विभाजन र प्रतिशत** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **प्रश्नका तह** | **प्रश्नका प्रकार र सङ्ख्या** | | | | **प्रश्नका तह र प्रकारअनुसार अङ्क** | | | **प्रश्नका तहअनुसार जम्मा अङ्क** | **प्रश्नका तहअनुसार अङ्क प्रतिशतमा** |
| | **अ.छोटो** | **छोटो** | **लामो** | **जम्मा** | **अ.छोटो** | **छोटो** | **लामो** | | |
| **ज्ञान** | **५** | ...... | **१** | **६** | **५** | .... | **८** | **१३** | **१७.३३** |
| **बोध** | **४** | **४** | .... | **८** | **४** | **२०** | .... | **२४** | **३२** |
| **प्रयोग** | **२** | **३** | .... | **५** | **२** | **१५** | .... | **१७** | **२२.६६** |
| **उच्च दक्षता** | ..... | **१** | **२** | **३** | ...... | **५** | **१६** | **२१** | **२८** |
| **जम्मा** | **११** | **८** | **३** | **२२** | **११** | **४०** | **२४** | **७५** | **१००** |

पाठ्यक्रम विकास केन्द्र

## पाठ्यक्रम विकास केन्द्र

## नमुना प्रश्नपत्र (Model Question), २०८३

**कक्षा : १०** | **पूर्णाङ्क : ७५**

**विषय : अर्थशास्त्र** **(विषय कोड नं. १०४)** | **समय : ३ घण्टा**

परीक्षार्थीले सकेसम्म प्रश्नहरूको आफ्नै शब्दमा मौलिक उत्तर दिनुपर्ने छ । किनारामा दिइएका अङ्कले पूर्णाङ्कलाई जनाउँछ । (The candidates are required to answer the questions in their own words as far as practicable. The figures in the margin indicate full marks.)

**सबै प्रश्नको उत्तर दिनुहोस् ।**
**(ATTEMPT ALL QUESTIONS.)**
**समूह 'क' [GROUP 'A']**

**अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू (Very short answer questions) (11×1=11)**

1. अर्थव्यवस्था भनेको के हो ? (What is an economy?)
2. कुनै दुई समष्टिगत आर्थिक चरको नाम लेख्नुहोस् । (Write the names of any two macroeconomic variables.)
3. पुँजीवादी र समाजवादी दुबै अर्थव्यवस्थाका विशेषता समेटिएको अर्थव्यवस्थालाई के भनिन्छ ? (What is an economy called that combines features of both capitalist and socialist economic system?)
4. कुनै देशको कुनै वर्षको राष्ट्रिय आय रु. ५०० अर्ब र कुल उपभोग रु. ४५० अर्ब छ भने उक्त देशको सोही वर्षको कुल बचत सूत्र प्रयोग गरी पत्ता लगाउनुहोस् । (If the national income of a country in a certain year is Rs. 500 billion and the total consumption is Rs. 450 billion, find the total savings of that country for the same year by using a formula.)
5. पूर्ण प्रतिस्पर्धा बजारमा फर्म भनेको के हो ? (What is a firm under perfect competition market?)
6. सङ्घीय सरकारको कुल खर्च रु. १८ खर्ब तथा कुल राजस्व रु. १४ खर्ब भए बजेट घाटा पत्ता लगाउनुहोस् । (If the total expenditure of the federal government is Rs. 1.8 trillion and the total revenue is Rs. 1.4 trillion, find the budget deficit.)
7. तीन खम्बे अर्थनीतिअन्तर्गत एउटा खम्बा सरकार भए बाँकी दुईओटा खम्बा कुन कुन हुन् ? (Under the three-pillar economic policy, if one pillar is the government, what are the other two pillars?)

8. घरेलु उद्योगका कुनै दुईओटा उदाहरण उल्लेख गर्नुहोस् । (Mention any two examples cottage industries.)
9. नेपालको कृषिका कुनै दुई विशेषता उल्लेख गर्नुहोस् । (Mention any two characteristics of agriculture of Nepal.)
10. कुनै एउटा असममित श्रेणीको बहुलक (रित) निकाल्न प्रयोग गरिने सूत्र लेख्नुहोस् । (Write the formula used to find the mode of an asymmetrical series.)
11. तथ्याङ्कलाई किन चित्रात्मक रूपमा प्रस्तुत गरिन्छ ? (Why is data represented diagrammatically?)

## समूह 'ख' [GROUP 'B']

### सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू (Short answer questions) (8×5=40)

12. साधनको बाँडफाँटलाई परिभाषित गर्नुहोस् । यससँग सम्बन्धित तीनओटा समस्याहरू वर्णन गर्नुहोस् । (Define allocation of resources. Describe three problems associated with them.) **[2+3]**

**अथवा (Or),**

पुँजीवादी अर्थव्यवस्थालाई परिभाषित गरी यसका कुनै चारओटा विशेषता वर्णन गर्नुहोस् ।
(Define a capitalist economy and describe any four characteristics of it.) **[1+4]**

13. ज्यालाको जीवननिर्वाह सिद्धान्त व्याख्या गर्नुहोस् । (Explain the subsistence theory of wages.)
14. प्रस्तुत तालिकाको आधारमा दिइएका प्रश्नको उत्तर दिनुहोस् । (Answer the following questions based on the given table.) **[3+2]**

| वस्तुको मूल्य रु.मा (Price of the Commodity in Rs.) (P) | बिक्री परिमाण (Quantity Sold) (Q) | कुल आय (Total Revenue) (TR) | औसत आय (Average Revenue) (AR) | सीमान्त आय (Marginal Revenue) (MR) |
|---|---|---|---|---|
| 12 | 0 | … | … | … |
| 10 | 1 | … | … | … |
| 9 | 2 | … | … | … |
| 8 | 3 | … | … | … |
| 7 | 4 | … | … | … |
| 6 | 5 | … | … | … |
| 5 | 6 | … | … | … |
| 4 | 7 | … | … | … |

i. कुल, औसत र सीमान्त आय निकालेर तालिका पूरा गर्नुहोस् । (Complete the table by calculating the total, average and marginal revenues.)

ii. पूरा गरिएको तालिकाको आधारमा औसत र सीमान्त आय वक्ररेखाहरूलाई एउटै रेखाचित्रमा खिच्नुहोस् । (Draw average and marginal revenue curves based on the completed table in a single diagram.)

15. अञ्जलीले गाउँमा एउटा सानो सेलरोटी पसल सुरु गरेकी छिन् । उनले दिनभरिका लागि एउटा फ्राइप्यान र ग्यास चुलो भाडामा लिएबापत जम्मा रु ६० तिर्छिन् । जुन रकम उनले सेलरोटी नपकाए पनि तिर्नै पर्छ । ३० ओटा सेलरोटी बनाउनका लागि उनले पिठो, चिनी, तेल र ग्यासमा जम्मा रु. ३०० खर्च गर्छिन् । यस सन्दर्भमा उपयुक्त सूत्र प्रयोग गरी निम्नलिखित प्रश्नहरूको उत्तर दिनुहोस् (Anjali has started a small Selroti shop in a village. She pays a total of Rs. 60 per day to rent a frying pan and a gas stove. She must pay this amount even if she does not cook any Selroti. To make 30 pieces of Selroti, she spends Rs. 300 on flour, sugar, oil and gas. In this context, answer the following questions by using appropriate formulas) : **[2+2+1]**

i. औसत परिवर्तनशील लागत पत्ता लगाउनुहोस् (Find the average variable cost.)

ii. कुल लागत पत्ता लगाउनुहोस् (Find the total cost.)

iii. यदि कुनै दिन अञ्जलीले एउटा पनि सेलरोटी बनाइनन् भने उक्त दिनको कुल लागत कति हुन्छ ? (If Anjali does not make a single Selroti on a certain day, what will be the total cost for that day?)

16. नेपालको आर्थिक विकासमा निजी क्षेत्रको भूमिका व्याख्या गर्नुहोस् । (Explain the role of the private sector in the economic development of Nepal.)

**अथवा (Or),**

आर्थिक विकासको शास्त्रीय सिद्धान्तका विशेषताहरू व्याख्या गर्नुहोस् । (Explain the characteristics of the classical theory of economic development.)

17. नेपालमा कृषि उत्पादकत्व बढाउन अवलम्बन गर्नुपर्ने कुनै पाँचओटा उपाय प्रस्तुत गर्नुहोस् । (Present any five measures that should be adopted to increase agricultural productivity in Nepal.)

18. दिगो पर्यटनले समुदायको विकासमा कसरी योगदान पुऱ्याउँछ, कुनै पाँचओटा तर्क प्रस्तुत गर्नुहोस् । (How does sustainable tourism contribute to community development? Present any five arguments.)

**अथवा (Or),**

नेपालमा औद्योगिक क्षेत्रका समस्या समाधान गर्न कस्ता उपाय अपनाउन सकिन्छ, कुनै पाँच उपाय प्रस्तुत गर्नुहोस् । (What measures can be adopted to solve the problems of the industrial sector in Nepal? Suggest any five measures.)

19. दिइएको तथ्याङ्कका आधारमा वृत्तखण्ड चित्र निर्माण गर्नुहोस्: (Construct a pie-diagram based on the data given in the table):

| खर्च शीर्षकहरू (Expenditure Heads) | खाना (Food) | भाडा (Rent) | शिक्षा (Education) | लत्ताकपडा (Clothing) | विविध (Miscellaneous) |
|---|---|---|---|---|---|
| खर्च रु. मा (Exp. in Rs.) | 1200 | 300 | 200 | 150 | 150 |

## समूह 'ग' [GROUP 'C']

### लामो उत्तरात्मक प्रश्नहरू (Long answer questions) (3×8=24)

20. एकाधिकारको बजारमा फर्मको सिधा रेखीय माग फलन र सीमान्त आय फलन Y- अक्षको एकै विन्दुबाट सुरु हुन्छन् । तर सीमान्त आय फलनको झुकाव  माग फलनको झुकावभन्दा दोब्बर हुन्छ । यस मान्यताका आधारमा तल दिइएका फलनहरूबाट उक्त फर्मको सन्तुलित मूल्य र परिमाण पत्ता लगाउनुहोस् : (In a monopoly market, a firm's linear demand and marginal revenue functions start from the same point on the Y- axis, but the absolute slope of the marginal revenue function is twice that of the demand function. Based on this assumption, determine the equilibrium price and quantity for the firm given the following functions):
माग फलन (Demand function): $P = 130 - 2Q$

    सीमान्त लागत फलन (Marginal cost function) : $MC = 10 + 4Q$

21. नेपालको सङ्घीय सरकारका कर राजस्व र गैरकर राजस्व प्रत्येकका चारओटा स्रोतको  वर्णन गर्नुहोस् । (Describe any four sources each of tax revenue and non-tax revenue of the federal government of Nepal.) **[4+4]**

22. तलको तथ्याङ्कबाट मध्यक र मध्यिका गणना गर्नुहोस् र नतिजा तुलना गरी निष्कर्ष निकाल्नुहोस् । (Calculate the mean and median from the following data, compare the results and draw a conclusion.) **[4+4]**

| आय रु. हजारमा (Income in Rs. '000') | 0-20 | 20-40 | 40-60 | 60-80 | 80-100 |
|---|---|---|---|---|---|
| घरपरिवार सङ्ख्या (No. of family) | 5 | 7 | 12 | 2 | 4 |

**अथवा (Or),**

दिइएको सञ्चित बारम्बारता वितरणलाई अपवर्जी अविच्छिन्न वितरणमा बदल्नुहोस् । उक्त अपवर्जी अविच्छिन्न वितरणलाई प्रतिनिधित्व गर्ने बारम्बारता आयातचित्र रचना गर्नुहोस् र उक्त बारम्बारता आयातचित्रका आधारमा बहुलक (रित) को मान पर्ने वर्ग निर्धारण गर्नुहोस् । (Convert the given cumulative frequency distribution into an exclusive continuous distribution. Construct a histogram representing this distribution and determine model class from the histogram.) **[2+5+1]**

| आय रु. हजारमा (Income in Rs. '000') | 0-10 | 0-20 | 0-30 | 0-40 | 0-50 |
|---|---|---|---|---|---|
| घरपरिवार सङ्ख्या (No. of family) | 5 | 15 | 30 | 40 | 45 |

The end

पाठ्यक्रम विकास केन्द्र